स्थानीय राजपत्र

**भीमदत्त नगरपालिकाद्धारा प्रकाशित**

**सुदूरपश्चिम. प्रदेश,महेन्द्रनगर,कञ्चनपुर,कार्तिक १६ गते शुक्रवार,२०७५ साल संख्याः२५**

भाग–३

# भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद कार्यविधि, २०७५

प्रस्तावना :

नेपाल एउटा बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक मुलुक भएकोले नेपालका सबै भाषा, साहित्य तथा संस्कृतिलाई संरक्षण, सम्वर्द्धन र विकास गर्नु पर्ने कुरालाई हृदयङ्गम गर्दै भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा समाजोपयोगी कृतिहरु तयार गर्न, गराउन र यस क्षेत्रका विद्वान् तथा प्रतिभाहरुको सम्मान र कदर गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न भाषा, साहित्य तथा संस्कृति परिषद् निर्माण एव संञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) दिएको अधिकार प्रयोग गरि नगरकार्यपालिकाले यो कार्यविधि बनाएकोछ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यस कार्यविधिको नाम “भीमदत्त भाषा, साहित्य तथा संस्कृतिपरिषद्कार्यविधि, २०७५” रहेकोछ ।

(२) योकार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क)“ऐन”भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख)“नगरपालिका” भन्नाले भीमदत्त नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग)“कार्यपालिका” भन्नाले भीमदत्त नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ)“कार्यालय” भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ)“प्रमुख” भन्नाले भीमदत्त नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(च)“उप प्रमुख भन्नाले भीमदत्त नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(छ)“प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिका कार्यालयको कर्मचारीको प्रमुख अधिकृतका रुपमा कामकाज गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

(झ)“परिषद्” भन्नाले दफा ७ बमोजिम गठित परिषदलाई नगरपरिषद्लाई सम्झनु पर्छ ।

(ठ) “सचिव” भन्नाल परिषद्को सचिव सम्झनु पर्छ ।

(ड) “पदाधिकारी” भन्नाले परिषद्को अध्यक्ष सदस्य समेतलाई सम्झनु पर्छ ।

(ढ) “कार्य सम्पादन समिति” भन्नाले दफा ९ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद् स्थापनाको उद्देश्य

३. भीमदत्त भाषा, साहित्य तथा संस्कृतिपरिषद्को स्थापना : (१) भीमदत्त नगरपालिका भित्रका सबै भाषा, साहित्य, संस्कृति तथा दर्शनको संरक्षण, सम्वर्द्धन र विकास गर्ने कार्य उद्देश्यले भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को स्थापना गरिएकोछ ।

४. भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को सबै काम कारबाहीका लागि अनुसुची १ बमोजिमको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

५. भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को काम, कर्तव्य र अधिकार : यस भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) नगरपालिका भित्रका सबै भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्र सम्बन्धी विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गरी उपयोगी ग्रन्थ एवं कृति संकलन गरी तयार गर्ने, गराउने,

(ग) नगरपालिका भित्रका सबै भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्र सम्बन्धी विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरूको सृजना एवं प्रकाशन गर्ने, गराउने,

(घ) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रहरूका सम्बन्धमा यस नगरपालिका भित्र गोष्ठी, सम्मेलन, प्रदर्शनी आदि गर्ने, गराउने,

(ङ)भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रका विभिन्न विषयमा हुने राष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी, विचारविमर्श, प्रदर्शनी आदिमा सहभागी गर्ने, गराउने,

(च) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रका विभिन्न क्षेत्रसँग सम्बन्धित अन्य स्थानीय तह तथा राष्ट्रिय स्तरका संघ संस्थासँग सम्बन्ध विस्तार गर्ने

(छ) भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने नगरपालिका भित्रका व्यक्तिलाई कदर, सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने,

(ज)नगरपालिका भित्र भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको विकासको निमित्त सम्बन्धित विषयका विद्वान ्साहित्यकार एवं सामाजिक शास्त्रीको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वय अभिवृद्धि गर्ने,

(झ) नगरपालिका भित्रका विभिन्न जाति तथा समुदायका साहित्य, लिपि, संस्कृति तथा लोकोक्तिको सम्वर्द्धन र संरक्षण गर्ने,

(ञ) नेपाली लोक साहित्यको अध्ययन, अनुसन्धान, सम्बर्द्धन र संरक्षण गर्ने,

(ट) यस कार्यविधिको उद्देश्य पूरा गर्न अन्य आवश्यक कार्य गर्ने गराउने ।

(ठ) भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को नीति निर्धारण गर्ने,

(ड) भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ढ) भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को वार्षिक बजेट पारित गर्ने,

(ण) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,

(त) कार्यसमितिलाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने,

(थ) कार्यसमितिको कामको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ध) भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को विनियम स्वीकृत गर्ने,

(न) तोकिए बमोजिमका काम गर्ने ।

परिच्छेद-३

भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को गठन

६. भीमदत्त भाषा, साहित्य तथा संस्कृतिपरिषद्को सगठन : (१) भीमदत्त भाषा, साहित्य तथा संस्कृति एक परिषद्को गठन जुह देहाय बमोजिम गठन हुनेछ :-

(क) नगर प्रमुखले तोकेको व्यक्ति : अध्यक्ष

(ख) नगरपालिका भित्रका सबै भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रसँग सम्बन्धित विशिष्ट व्यक्तिहरु मध्येबाट समावेशीतालाई ध्यानमा राखी महिलाहरु समेतको उपयुक्त प्रतिनिधित्व हुने गरी नगरप्रमुखले मनोनित गरेकातेह्रजना - सदस्य

(ग) नगर प्रमुखले तोकेको शाखा अधिकृत स्तरको प्रशासनिक कर्मचारी : सदस्य सचिव

(२) उपदफा १(ख) बमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(३) कुनै कारणले परिषदमा मनोनीत सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

७. सिफारिस समितिः (१)दफा ६(१)ख बमोजिम परिषद्मा मनोनयन हुने सदस्यहरुको नियुक्ति वा मनोनयनको लागि नगर प्रमुख समक्ष नाम सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :-

(क) नगरपालिका उपप्रमुख- संयोजक

(ख) कार्यपालिका सदस्यहरु मध्येबाट नगर प्रमुखले तोकेको एकजना - सदस्य

(ग) भाषा, साहित्य,संस्कृति तथा दर्शनकोक्षेत्रमा ख्याति प्राप्त व्यक्तिहरु मध्येबाट नगर प्रमुखले तोकेको एकजना - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले परिषद्को सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्र सम्बन्धी विधामा अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्याति प्राप्त व्यक्तिहरु मध्येबाट सम्भव भएसम्म भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्र सम्बन्धी सबै विधाबाट प्रतिनिधित्व हुने र सबै जाति, लिङ्ग, भाषा भाषी समेतलाई समेट्ने गरी नाम सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले पदाधिकारीको नियुक्तिको लागि नाम सिफारिस गर्दा परिषद्का मनोनित सदस्यहरु मध्येबाट गर्नेछ ।

(४) उपदफा(१) बमोजिमको समितिले सिफारिस गर्ने सम्बन्धमा अवलम्बन गर्ने कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ

८. परिषद्को बैठक : (१) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा ३ दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सचिवले सबै सदस्यहरुलाई जानकारी दिनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा उमेरमा वरिष्ठ भएको जेष्ठ सदस्यले गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय परिषद्को सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) परिषद्ले भीमदत्त नगरपालिका भित्रका भाषा, साहित्य तथा संस्कृतिका क्षेत्रमा प्रतिष्ठा प्राप्त व्यक्तिलाई परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. कार्य सम्पादन समितिको गठन : (१) भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को कार्यकारी निकायको रूपमा काम गर्न एक कार्य सम्पादन समिति रहनेछ ।

(२) कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ :-

(क)नगर प्रमुख वा नगर प्रमुखले तोकेको व्यक्ति : अध्यक्ष

(ख) परिषद्का मनोनीत सदस्यहरु मध्येबाट कम्तीमा एकजना महिला सहित सम्भव भएसम्म विभिन्न जात, जाति, भाषा भाषीको प्रतिनिधित्व हुने गरी नगर प्रमुखबाट मनोनित तीनजना - सदस्य

(ग) नगर प्रमुखले तोकेको शाखा अधिकृतः सदस्य सचिव

(३) कुनै कारणले उपदफा (२) को खण्ड (ख) बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

१०. कार्यसमितिको काम, कर्तव्य र अधिकारः परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) परिषद्ले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) परिषद्ले दिएको निर्देशन पालना गर्ने,

(ग) सचिवले पेश गरेको वार्षिक कार्यक्रम, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि परिषद् समक्ष पेश गर्ने,

(घ) भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने,

(ङ) भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को कोषको व्यवस्था र सञ्चालन गर्ने,

(च) विद्वत्वृत्ति, सम्मान, कदर तथा पुरस्कार अनुमोदनको लागि परिषद्मा पेश गर्ने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

११. कार्यसमितिको बैठक : (१) कार्यसमितिको बैठकदुई महिनामा एक पटक बस्नेछ ।

(२) कार्यसमितिको बैठक कार्यसमितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) कार्यसमितिको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) कार्यसमितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा कार्यसमितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) कार्यसमितिको बैठकको अध्यक्षता कार्यसमितिको अध्यक्षले र निजको अनुपस्थितिमा उमेरमा वरिष्ठ सदस्यले गर्नेछ ।

(६) कार्यसमितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) कार्यसमितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) कार्यसमितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यसमितिआफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद-४

## प्रमुख संरक्षक

१२. प्रमुख संरक्षक : भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को प्रमुख संरक्षक नगर प्रमुख हुनेछ ।

१३. पद रिक्त हुने अवस्था : देहायका अवस्थामा पदाधिकारी र परिषद्का सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले राजीनामा दिएमा,

(ग) निजको मानसिक सन्तुलन ठीक नभएमा,

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) निजको मृत्यु भएमा ।

१४. पदबाट हटाउन सक्ने : (१) पदाधिकारी वा परिषद्का सदस्यले यस कार्यविधिको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई परिषद्मा तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले नगर प्रमुख समक्ष लिखित निवेदन दिएमा नगर प्रमुखबाट परिषद्का सदस्यहरु मध्येबाट एक छानबिन समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्नेछ र नगर प्रमुखले त्यस्तो प्रतिवेदन छलफलका लागि परिषद् समक्ष राख्ने व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा परिषद्मा छलफल हुँदा परिषद्का बहुमत सदस्यले पदाधिकारी वा परिषद्का सदस्यले यस कार्यविधिको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारी पूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भनी निर्णय गरेमा नगर प्रमुखले त्यस्तो पदाधिकारी वा परिषद्का सदस्यलाई निजको पदबाट हटाउनेछ ।

(४) उपदफा (३) बमोजिम पदाधिकारी वा परिषद्का सदस्यलाई पदबाट हटाउनु अघि सफाईको मौका दिनु पर्नेछ ।

१५.कर्मचारीःभीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्मा आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्था मिलाउने जिम्मा नगरपालिकाको हुनेछ ।

## परिच्छेद-५

## विविध

१६. कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्ने : भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको विधामा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई परिषद्ले कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

१७. प्रतिवेदन पेश गर्नु पर्ने : भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्ले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन नगरप्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

१८. शपथ : आफ्नो कार्यभार सम्हाल्नुअघि अध्यक्षले नगर प्रमुख समक्ष रसमक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

१९. प्रतीक चिन्हः भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को प्रतीक चिन्ह तोकिए बमोजिम हुनेछ ।

२०. नियम बनाउने अधिकार : यस नियमावलीको उद्देश्य कार्यान्वयन गर्न भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्ले आवश्यक नियम बनाउन सक्नेछ । तर आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा नगरकार्यपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

अनुसुची-१

भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद् छाप

(क) भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को छाप नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

अनुसुची-२

भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को सपथ ग्रहण

(क) भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्मा निर्वाचित वा मनोनित भएमा तपसिल बमोजिमको ढाचाँमा पद तथा गोपनियाताको सपथ ग्रहण हुनेछ ।

पद तथा गोपनियाताको सपथ

म …….(पुरा नाम)…………………………..मुलुक र जनताप्रति पुर्ण बफादार रही सत्य निष्ठापुर्वक प्रतिज्ञा गर्दछु र ईरुवरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा रहेको संविधान प्रति पुर्ण बफादा रही भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को ………………….पदको कामकाज प्रचलित कानुनको अधिनमा रही मुलुक र जनताको सोभ्को चिताई, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पुर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखि इमान्दारिता साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएका् प्रचलित कानुन बमोजिम गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहदा वा नरहदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मिति :

नामथरः                                   दस्तखत

अनुसुची-३

भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद् प्रतीक चिन्ह लागो

क) भीमदत्त भाषा, साहित्य तथा संस्कृति परिषद्को प्रतीक चिन्ह लोगो भीमदत्त नगरपालिका कार्यालयको लोगो नै हुनेछ ।

आज्ञाले

प्रमुख प्रशासकिय अधिक्त